मादलले धानेको चित्रे बादीको जिन्दगी

दाङ (बुटवल टुडे) २९ असोज- दाङका चित्रे बादीको पेसा मादलले धानेको छ। कमेरोले लिपेर चिटिक्क पारिएको सानो कच्ची घर। घरको सानो आँगनभरि साना-ठूला मादल छरिएका छन्। कतै नयाँ मादल बनाउन राखिएका छन् त कतै मर्मतका लागि ल्याइएका। आँगनको एक कुनामा बसेर चित्रे बादी एकनासले मादलमा खरी भर्दै छन्। बिहानको उज्यालोसँगै सुरु हुने उनको काम बेलुकीसम्म पनि रोकिँदैन। उमेरले ७१ वर्ष पुगे पनि मादल बनाउने र मर्मत गर्ने उनको जाँगर भने अझै उस्तै छ।

घोराही उपमहानगरपालिका-१७ पशुखाँमा बसोबास गर्दै आएका बादी समुदायका चित्रे बादीलाई यतिबेला मादल बनाउन र मर्मत गर्न भ्याइनभ्याइ छ। दशैं, तिहार नजिकिएसँगै मादलको माग बढेपछि उनको व्यस्तता पनि थपिएको हो। विशेषगरी तिहारमा देउसी-भैलो खेल्ने समूहले मादल खरिद गर्ने, पुराना मादल मर्मत गर्ने, खरी भर्ने र छाला फेर्ने भएकाले उनको घरमा ग्राहकको चहलपहल बढ्न थालेको छ।

दसैंमा थारु समुदायले सख्या नाचका लागि मादल बनाउन आउने गरेको उनले बताए। दसैं र तिहार पर्व नेपाली समाजमा सांस्कृतिक र सामाजिक सद्भावको पर्वका रुपमा मनाइन्छ। यस अवसरमा देउसी-भैलो खेल्ने परम्पराले गाउँघरदेखि सहरबजारसम्म छुट्टै रौनक थप्छ। देउसी-भैलोमा मादलको तालले उत्सवलाई थप रमाइलो बनाउने भएकाले यस समयमा मादलको माग बढ्ने गरेको चित्रे बादी बताउँछन्। अन्य समयको तुलनामा तिहारमा मादल बिक्री र मर्मतबाट राम्रो आम्दानी हुने गरेको उनको अनुभव छ।

'अरु समयमा भन्दा दसैं-तिहारमा मादलको माग धेरै हुन्छ। नयाँ मादल किन्नेदेखि पुराना मादल मर्मत गर्नेसम्मका ग्राहक आउँछन्,' उनले भने, 'यतिबेला बिहान उज्यालो भएदेखि बेलुकीसम्म काममै व्यस्त हुनुपर्छ।'

१२ वर्षको उमेरदेखि मादल बनाउँदै

चित्रे बादीको मादल बनाउने यात्रा बाल्यकालदेखि नै सुरु भएको हो। उनका बुबा पुइटे बादी पनि मादल बनाउने काम गर्थे। बुबाले मादल बनाएको देख्दै, सिक्दै र उनलाई सघाउँदै उनले यो सीप सिकेका हुन्। अरु पेसा रोज्नुभन्दा पुर्ख्यौली सीपलाई निरन्तरता दिदै अगाडि बढेको बताउँछन्।

"बुबा पुइटे बादी मादल बनाउनुहुन्थ्यो। उहाँले बनाएको देखेर सिकें। उहाँकै सिको गरेर मैले पनि १२ वर्षको उमेरदेखि मादल बनाउन थालेको हुँ," उनले आफ्नो अनुभव सुनाए।

बाल्यकालमा सिकेको यही सीप आज उनको जीवनको मुख्य आधार बनेको छ। मादल बनाउने, खरी भर्ने, छाला फेर्ने र पुराना मादल मर्मत गर्ने कामबाटै उनले आफ्नो परिवारको जीविका चलाउँदै आएका छन्। यही पेसाबाट चार छोरा र दुई छोरी हुर्काएको उनी बताउँछन्। जीवनका धेरै वर्ष मादल बनाउनमै बिताएका चित्रे बादीका लागि यो केवल आम्दानीको माध्यम मात्र होइन, पुर्खाबाट प्राप्त सीप र पहिचान पनि हो। समयसँगै धेरै कुरा परिवर्तन भए पनि उनले आफ्नो पेसा छाडेका छैनन्। उमेर बढ्दै जाँदा शारीरिक रुपमा काम गर्न कठिन भए पनि ग्राहकको माग पूरा गर्न सकेसम्म सक्रिय रहने उनको प्रयास छ।

चित्रे बादीले ग्राहकको आवश्यकता र मादलको आकारअनुसार विभिन्न प्रकारका मादल बनाउने गरेका छन्। साना आकारका मादलदेखि ठूला मादलसम्म तयार पार्ने उनी पुराना मादलको मर्मतसमेत गर्छन्। नयाँ मादलको आकारअनुसार सात हजार रुपैयाँदेखि १५ हजार रुपैयाँसम्ममा बिक्री हुने गरेको उनले बताए। तिहारमा देउसी-भैलो खेल्ने समूह, सांस्कृतिक कार्यक्रम आयोजना गर्ने व्यक्ति तथा मादल बजाउने रुचि भएका मानिस उनका नियमित ग्राहक हुन्। नयाँ मादल किन्न नसक्ने वा पुरानो मादल नै प्रयोग गर्न चाहनेहरू मर्मतका लागि आउने गर्छन्। कसैले मादलमा खरी भर्न लगाउँछन् भने कसैले छाला फेर्न र मादल कस्न ल्याउने गरेका छन्। उनको घरमा दाङका घोराही, तुलसीपुर, नारायणपुर र लमहीलगायतका स्थानबाट ग्राहक आउने गरेका छन्। प्युठान र रोल्पाबाट समेत मादल खरिद गर्न तथा मर्मत गराउन मानिस आउने गरेको उनले बताए।

यसले चित्रे बादीको सीप स्थानीय क्षेत्रमा मात्र सीमित नभई आसपासका जिल्लासम्म परिचित भएको देखाउँछ। ग्राहकको विश्वास र वर्षौंदेखिको अनुभवले उनको पेसालाई निरन्तरता दिन सहयोग पुगेको छ।

तिहारको समयमा हुने आम्दानीले घरखर्च चलाउन केही सहज हुने उनको भनाइ छ। यद्यपि मादल बनाउने काममा लाग्ने समय, कच्चा पदार्थको व्यवस्थापन र शारीरिक मेहनत कम छैन। एउटा मादल तयार पार्न काठको छनोटदेखि त्यसलाई आकार दिने, छाला राख्ने र आवश्यक ध्वनि निकाल्न मिलाउनेसम्मका काम गर्नुपर्छ।

चित्रे बादीको मादल बनाउने काममा उनकी श्रीमती भूमि बादीले पनि सहयोग गर्दै आएकी छन्। श्रीमानले जस्तै नयाँ मादल बनाउन नसके पनि मादल तयार पार्ने क्रममा आवश्यक पर्ने विभिन्न काममा आफूले साथ दिने गरेको उनले बताइन्।

भूमिले मादलमा प्रयोग गरिने खरी बनाउन, छाला काट्नेलगायतका काममा सहयोग गर्छिन्। श्रीमानको काममा सघाउँदा परिवारको पेसा निरन्तरता दिन सहज भएको उनको अनुभव छ।

'मलाई नयाँ मादल बनाउन आउँदैन। तर उहाँलाई काममा सहयोग गर्छु। खरी बनाउने, छाला काट्नेलगायतका काम गर्छु,' भूमि बादीले भनिन्। परिवारको जीविका चलाउन श्रीमान्-श्रीमती दुवैको श्रम जोडिएको छ। मादल बनाउने काममा चित्रे बादीको लामो अनुभव र भूमिको सहयोगले परिवारको पुर्ख्यौली पेसालाई निरन्तरता दिन मद्दत पुगेको छ।

उनका कान्छा छोराले पनि मादल बनाउन सिकेका छन्। यसले पुस्तौंदेखि हस्तान्तरण हुँदै आएको सीप परिवारभित्रै नयाँ पुस्तामा सर्ने सम्भावना देखाएको छ। पुर्खाबाट सिकेको सीपलाई छोराले पनि सिक्न थालेपछि चित्रे बादी आफ्नो अनुभव र ज्ञान परिवारभित्रै हस्तान्तरण हुनेमा आशावादी छन्।

मादल बनाउनु सामान्य काम होइन। यसका लागि काठको छनोट, त्यसलाई आवश्यक आकारमा ढाल्ने, दुवैतर्फ छाला राख्ने, छाला कस्ने र मादलमा खरी भर्ने काम गर्नुपर्छ। मादलको आवाज राम्रो बनाउन काठको गुणस्तर र बनाउने तरिकाले महत्वपूर्ण भूमिका खेल्ने चित्रे बादीको अनुभव छ।

उनी मादल बनाउन खिर्रो, भीता, मलेतो र खमारीलगायतका काठ प्रयोग गर्छन्। उनका अनुसार भीता र खमारीको काठबाट बनेका मादलमा स्वर राम्रो सुनिन्छ। त्यसैले काठ छनोट गर्दा उनी विशेष ध्यान दिने गर्छन्।

मादलको बाहिरी बनावट राम्रो हुनु मात्र पर्याप्त हुँदैन। बजाउँदा स्पष्ट र सन्तुलित आवाज निस्कनु पनि उत्तिकै आवश्यक हुन्छ। त्यसका लागि काठको गुणस्तर, छालाको अवस्था र खरी भर्ने तरिकामा ध्यान दिनुपर्ने उनी बताउँछन्।

वर्षौंको अभ्यास र अनुभवले चित्रे बादीलाई मादलको बनावट तथा आवाजबारे राम्रो ज्ञान दिएको छ। कुन काठ उपयुक्त हुन्छ, मादलमा छाला कसरी राख्ने र खरी कसरी भर्ने भन्ने कुरा उनले लामो समयको अभ्यासबाट सिकेका हुन्। यही अनुभवले उनलाई ग्राहकको आवश्यकता पूरा गर्न सहयोग पुर्‍याएको छ।

आधुनिक मनोरञ्जनका साधन र प्रविधिको विकाससँगै परम्परागत बाजा बनाउने पेसालाई निरन्तरता दिनु महत्वपूर्ण बन्दै गएको छ। मादल नेपाली लोकसंस्कृति, लोकगीत, नाचगान र विभिन्न सांस्कृतिक पर्वसँग जोडिएको बाजा हो। दसैंको नाच र तिहारमा देउसी-भैलो खेल्दा मादलको तालले विशेष महत्व राख्छ।

चित्रे बादीले आफ्नो जीवनको ठूलो हिस्सा यही बाजा बनाउन र मर्मत गर्नमा बिताएका छन्।

अर्घाखाँचीलाई बालमैत्री जिल्ला बनाउने साझा प्रतिबद्धता

अर्घाखाँची (बुटवल टुडे), २९ असोज। अर्घाखाँची जिल्लालाई बालमैत्री जिल्ला बनाउने उद्देश्यसहित जिल्लाका स्थानीय तहहरूले सामूहिक प्रतिबद्धता व्यक्त गरेका छन्। बालबालिकाको हक, अधिकार, संरक्षण, विकास र सहभागिता सुनिश्चित गर्दै बालमैत्री स्थानीय शासनका निर्धारित ७१ वटा सूचक पूरा गर्ने लक्ष्यका साथ स्थानीय तह तथा सरोकारवाला निकायहरूले साझा प्रतिबद्धता जनाएका हुन्।

जिल्लाका नगरपालिका प्रमुख तथा उपप्रमुख, गाउँपालिका अध्यक्ष तथा उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, बाल कल्याण अधिकारी, नागरिक समाज, पत्रकार तथा विभिन्न सरोकारवाला निकायका प्रतिनिधिहरूको सहभागितामा बालमैत्री स्थानीय शासन अवलम्बनका लागि सामूहिक प्रतिबद्धता व्यक्त गरिएको हो।

नेपालको संविधानको धारा ३९ मा व्यवस्था गरिएको बालबालिकाको हक, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, बालबालिकासम्बन्धी ऐन, २०७५ तथा बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ लगायतका कानुनी तथा नीतिगत व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्दै जिल्लालाई बालमैत्री बनाउने प्रतिबद्धता व्यक्त गरिएको जिल्ला समन्वय समितिका प्रमुख जीवनारायण कोइरालाले बताए।

सिस नेपालको सहजीकरण र सेभ द चिल्ड्रेनको आर्थिक सहयोगमा भएको कार्यक्रममा प्रतिबद्धताअनुसार बालबालिकाको अधिकार संरक्षण, उनीहरूको सर्वाङ्गीण विकास, अर्थपूर्ण सहभागिता र बालमैत्री वातावरण निर्माणलाई प्राथमिकता दिइनेछ। बालमैत्री स्थानीय शासनका सूचक पूरा गर्न आवश्यक नीति, योजना, बजेट तथा कार्यक्रम तर्जुमा गरी प्रभावकारी कार्यान्वयन गर्ने साझा संकल्पसमेत गरिएको छ।

त्यसैगरी, बालविवाह, बालश्रम, बालहिंसा, बालदुर्व्यवहार तथा बालबालिकामाथि हुने सबै प्रकारका विभेद र शोषण अन्त्य गर्न आवश्यक पहल गरिने प्रतिबद्धतामा उल्लेख छ।

लुम्बिनी प्रदेशका सामाजिक विकास मन्त्री रामजीप्रसाद घिमिरेको उपस्थितिमा भएको कार्यक्रममा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकतामा राख्दै स्थानीय तह, विद्यालय, परिवार, समुदाय तथा सरोकारवाला निकायबीच समन्वय र सहकार्यलाई सुदृढ बनाइनेछ।

फेरिँदै...

थारु समुदायमा दसैंका बेला दुर्गापूजा, सामूहिक भजनकीर्तन र देवीको आराधना गर्ने चलन पनि छ। गाउँमा दुर्गाका मूर्ति स्थापना गरी पण्डाल बनाएर सामूहिक पूजापाठ गर्ने परम्पराले अझै निरन्तरता पाइरहेको छ। यस परम्परामा मूर्तिको अनुहार छोपेर राख्ने चलन पनि रहेको स्थानीय बताउँछन्। मूल्यवान् वस्तु चढाउने भाकल गरेका व्यक्तिले मूर्तिको अनुहार खोल्ने र भाकलअनुसार चढाइएको वस्तु पुजारीले प्राप्त गर्ने परम्परा रहेको छ। विजयादशमीका दिन देवी अपराजिताको पूजा गरी मूर्तिलाई नजिकैको नदी वा खोलामा लगेर विसर्जन गर्ने गरिन्छ।

स्थानीय पुजारी दुखिराम दासका अनुसार पहिले नाद अर्थात् लामा घाम्रा लगाएर दुर्गा स्थापना गर्ने चलन थियो। अहिले भने चेटअनुसार दुर्गापूजा गर्ने अभ्यास बढेको छ। यसले थारु समुदायको धार्मिक अनुष्ठानमा समेत समयअनुसार परिवर्तन आएको देखाउँछ।

दसैंसँग जोडिएको पितृ औंसी अर्थात् 'अमौसा' मनाउने चलन पनि पहिले विशेष महत्वको थियो। अहिले भने यो परम्परा कमजोर हुँदै गएको स्थानीय बताउँछन्। यससँगै पुर्खाको सम्झना र पितृसँग सम्बन्धित सांस्कृतिक अभ्याससमेत ओझेलमा पर्न थालेका छन्।

थारु समुदायको भाषा, भेषभूषा, खानपान र संस्कारले छुट्टै सांस्कृतिक पहिचान बनाएका छन्। घोंघी, ढिकरी र पतुस्नीजस्ता परिकार यस समुदायको मौलिक खानपानका परिचायक हुन्। तर, परम्परागत परिकार बनाउने र खाने अभ्यासले मात्रै संस्कृति संरक्षण नहुने [illegible] भनाइ छ। उनी नयाँ पुस्ताले आफ्नै भाषा र संस्कृतिभन्दा पश्चिमेली संस्कृतिलाई बढी प्राथमिकता दिन थालेकोमा चिन्ता व्यक्त गर्छन्। उनका अनुसार भाषा बोल्ने, पुराना संस्कारको अर्थ बुझ्ने, चाडपर्व मनाउने विधि सिक्ने र पुर्खाबाट हस्तान्तरण भएका परम्परालाई व्यवहारमा उतार्ने कामले मात्रै मौलिक पहिचान जोगाउन सकिन्छ। नेपालको पूर्वदेखि पश्चिमसम्म तराई क्षेत्रमा बसोबास गर्ने थारु समुदायभित्र पनि क्षेत्रअनुसार भाषा, भेषभूषा र सांस्कृतिक अभ्यासमा विविधता छ। त्यसैले सबै क्षेत्रका थारु समुदायले आ-आफ्ना मौलिक परम्पराको अभिलेखीकरण, अभ्यास र पुस्तान्तरणमा ध्यान दिनुपर्ने उनको सुझाव छ।

धानबालीमा...

उनले स्थानीय जातका धानमा भने हालसम्म यस्तो प्रकोप देखिएको छैन।

कृषि ज्ञान केन्द्रका बागवानी विकास अधिकृत नवराज घिमिरेले कालोपोके रोग बोटलाई सर्ने भएकाले बालीमा रोग देखिइसकेपछि त्यसको तत्कालै नियन्त्रण गर्न कठिन हुने बताए। अनुगमनका क्रममा उहाँले आगामी वर्ष धानको जात परिवर्तन गर्न र रोगमुक्त बीउको उपचार गरेर मात्र धान रोप्न किसानलाई सुझाव दिएको बताए। यस्ता रोगको नियन्त्रणका लागि कृषि प्राविधिकले सिफारिस गरेका ढुसीनाशक विषादी सुरक्षित तरिकाले प्रयोग गर्न सुझाव दिइएको छ। "धान पाक्ने बेलामा रोग देखिएपछि किसान निकै चिन्तित हुनुहुन्छ", वडाध्यक्ष चन्दले भने। यसका लागि आफूहरूले कृषि ज्ञान केन्द्रको टोलीसँगै किसानको धान खेतमै पुगेर आवश्यक परामर्श र समन्वय गरिरहेको उनले बताए।

कृषि ज्ञान केन्द्रले पनि किसानहरूलाई स्थानीय हावापानी र माटो अनुकूलका जात छनोट गरी गुणस्तरीय बीउ प्रयोग गर्न सुझाव दिएको छ। गुल्मीमा ६ हजार पाँच सय ४१ हेक्टर क्षेत्रफलमा बर्खे र एक सय ५४ हेक्टर क्षेत्रफलमा चैते धान खेती हुँदै आएको कृषि ज्ञान केन्द्र गुल्मीले जनाएको छ।

काठ/दाउराको बोलपत्रद्वारा लिलाम बिक्रि सम्बन्धि सुचनामा त्रुटि सच्याइएको सुचना

श्री प्रतिभा सामुदायिक वन उपभोक्ता समूह, बाणगंगा न.पा.-२, कपिलवस्तुको वन क्षेत्रबाट आ.व. २०८२/०८३ मा पुनरुत्पादन कटान C1S7 प्लट र सुधार - कटान प्लटको रुखहरु कटानबाट उत्पादन भएको काठ लिलाम बिक्रि सम्बन्धि मिति २०८३/६/२९ गतेको बुटवल टुडे राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित संक्षिप्त सुचनामा साल र अन्य जातको कुल थान परिमाण २६३ को २१५७.०२ क्यू.फि. हुनुपर्नेमा भुलवस अन्यथा टाइप भएकोले यसै सुचना मार्फत सच्याइएको छ। साथै सम्पर्क नं. ९८६९८५२४१२ रहेको भनि सच्याइएको छ।

अध्यक्ष

प्रतिभा सामुदायिक वन उपभोक्ता समुह
वाणगंगा न.पा.-२, कपिलवस्तु
सम्पर्क नं. ९८६९८५२४१२

Sandhikharka Municipality
Office of Municipal Executive
Sandhikharka, Arghakhanchi

Invitation for Bids

Date of publication: 2083/06/30 (16th October, 2026)

Invitation for Bids No: NCB/SM/G/P/15/2083/84

1. The Government of Nepal has allocated funds to cover eligible payment under the Contract for **Procurement and Supply of CGI sheet for Sandhikharka Municipality office NCB/SM/G/P/15/2083/084.** Bidding is open to all eligible Bidders.
2. The Sandhikharka Municipality invites Sealed bids from eligible bidders for the **Procurement and Supply of CGI sheet for Sandhikharka Municipality office** under National Competitive Bidding procedures specified in Public Procurement Act and Regulations- Single Stage Single Envelop Procedures .
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the Office of the Municipal Executive, Sandhikahrka Municipality, Arghakhanchi, (Email: sandhikhakamunicipality@gmail.com Telephone No: 077-420112)
4. A complete set of Bidding Document may be purchased from the Office of the Municipal Executive, Sandhikharka Municipality, Arghakhanchi by eligible Bidders on the Submission of a Written application, along with the copy of Company/ firm registration certificate, and upon payment of a non -refundable fee of NPR 3000 till 5nd Nov.2026 (2083-07-19) during office hour in the account as Specified below.

   Information to deposit the cost of bidding document in Bank:
   - Name of the Bank: Rastriya Banijya Bank Ltd.
   - Name of the Office: Sandhikharka Municipality, Arghakhanchi
   - Office Account no: 3050100301010002 (for bid fee only)
   - Rajaswa (revenue) Shirshak no :SANDHIKHARKA NP.PA.(GA-1-1)-AANTAR
5. Pre-bid meeting shall be held at Sandhikharka Municipality, Arghakhanchi Lumbini Province, Nepal at 29th Oct.2026 (2083/7/12) 13:00
6. Sealed bids must be submitted to the office of the Municipal Executive, Sandhikharka Municipality, Arghakhanchi by hand/courier on or before 12.00 on 6th Nov.,2026 (2083-07-20). Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13.00 on 6th Nov.,2026 (2083-07-20). at the **office of the Municipal Executive, Sandhikharka Municipality, Arghakhanchi.** Bids must be valid for a period of 90 days from the bid submission deadline and must be accompanied by a bid security amounting to a minimum of NPR **1,09,000.00** which shall be valid for 30 days beyond the validity period of the bid **(i.e. 120 days)**
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

Chief Administrative Officer

Invitation for Bids
Pratappur Rural Municipality
Office Of The Rural Municipal Executive
Belatari, Nawalparasi (Ba.Su.Pa.)
Lumbini Province, Nepal

Invitation for Bids for the following works.

Date of publication: 2083/06/30

1. **Pratappur Rural Municipality** invites sealed bids from Nepalese eligible bidders for the construction of **Followings Works** under National Competitive Bidding procedures. The estimated amount for the works is **given in table below.**
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of **Pratappur Rural Municipality, Belatari, Nawalparasi (Ba.Su.Pa.), Ph.no:-078419095, ito.pratppurmun@gmail.com.**
3. A complete set of Bidding Documents may be purchased from the office **Pratappur Rural Municipality, Belatari, Nawalparasi(Ba.Su.Pa.)**by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of 3000.00 till 2083/07/19 during office hours.
4. Pre-bid meeting shall be held on **2083/07/10 at 1.00 pm,** at **Pratappur Rural Municipality office.**
5. Sealed bids must be submitted to the office **Pratappur Rural Municipality, Belatari, Nawalparasi(Ba.Su.Pa.)** by hand on or before **12:00 PM** on **2083/07/20.** Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 1:00 PM, 2083/07/20 at the office of Pratappur **Rural Municipality, Belatari, Nawalparasi(Ba.Su.Pa.).** Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security, amounting to a minimum of is **given in table below,** which shall be valid for **30 days** beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

Followings:-

S. n.	Contract Identification No	Description Of Works	Estimated Amount Including PS Without VAT	Bid Security Amount (Nrs)	Bid Document Fee (Non refundable)
1.	PRM/Box-Culvert/NCB/01-083-84	Construction of Fatkitole-Baluwa Tole Jodne pull (Box Culvert)	1,30,93,057.10	3,25,000.00	3000.00
2.	PRM/Check wall/ NCB/02-083-84	Construction of Dhanewa Khola check wall	1,54,53,842.10	3,75,000.00	3000.00